**प्रस्तावहरु**

**प्रस्ताव नं. १** : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत थप भई आएको अनुदान रकम बाँडफाँड सम्वन्धमा।

**प्रस्ताव नं २** : कृषि विकास कार्यक्रम अन्तगर्त कार्यान्वयन हुन बाँकी कार्यक्रम सम्वन्धमा ।

**प्रस्ताव नं ३** : बाँझो जग्गाको लगत संकलन सम्वन्धमा ।

**प्रस्ताव नं ४** : श्रम रोजगार बैंकको मुख्य व्यवस्थापक सम्वन्धमा ।

**प्रस्ताव नं ५** : विविध ।

**निर्णय नं १** :

यस गाउँपालिकामा चालु आ व २०७६।०७७ मा कार्यान्वयन भई रहेको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रु २००००००। अनुदान थप भई आएको हुँदा उक्त रकम श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट स्वीकृत भई आएका तपसिलका आयोजनामा रकम बाँडफाँड गरी कार्यान्वयन गर्ने

| क्र स | आयोजनाको नाम | स्थान | यस अघि विनियोजन रकम | थप रकम | जम्मा रकम | जम्मा रोजगार संख्या | रोजगार हुने दिन |
|---|---|---|---|---|---|---|---|
| १ | ढकार देखी सरस्वती नि मा वि सडक निर्माण | वडा ५ र ६ | ० | १०००००० | १०००००० | ४० | ४० |
| २ | भर्सुली ठाँटा सडक निर्माण | वडा नं ३ | ८०००००। | २०००००। | १००००००। | २८ | ६० र ४० |
| ३ | तिजु चौतारा देखी सिंडार सडक स्तरोन्नती | वडा नं २ | १००००००। | २०००००। | १२०००००। | ३० | ६० र ४० |
| ४ | सुयाडा मध्यपहाडी देखी मालिका मन्दिर सडक निर्माण | वडा नं ४ | १००००००। | ६०००००। | १६०००००। | ४८ | ६० र ४० |



Scanned with CamScanner

**निर्णय नं २ :**

निर्णय नं १ को सि नं १ को आयोजनामा सूचीकृत बेरोजगार व्यक्तीहरुको प्राथमिकता क्रम अनुसार ५ र ६ नं वडाबाट २०।२० जना छनौट गरी जम्मा ४० जनालाई ४० दिन रोजगारी हुने गरी काममा लगाउने निर्णय गरियो ।

**निर्णय नं ३ :**

यस गाउँपालिकाको लागि स्वीकृत वार्षिक कृषि विकास कार्यक्रम अन्तर्गत कार्यान्वयन हुन बाँकी कार्यक्रम मध्ये टिमुरको विरुवा अनुदान कार्यक्रम अन्तर्गत प्रति विरुवा ७५ प्रतिशत गाउँपालिकाको अनुदान र २५ प्रतिशत सम्वन्धित कृषकको लागत सहभागिता सुनिश्चित गरी कार्यक्रम कार्यान्वयन गर्ने ।

**निर्णय नं ४ :**

कृषि भूमी व्यवस्था तथा सहकारी मन्त्रालय कर्णाली प्रदेशबाट जिल्ला समन्वय समितिको कार्यालय दैलेख मार्फत माग भए अनुसार यस गाउँपालिका अन्तर्गत रहेको बाँझो जग्गाको विवरण सबै वडाबाट प्राप्त भईसकेको हुँदा सम्वन्धित मन्त्रालयमा पठाउने ।

**निर्णय नं ५ :**

यस गाउँपालिकाको श्रम रोजगार बैंक अन्तर्गत रिक्त रहेको मुख्य व्यवस्थापक पदमा श्रम रोजगार बैंक कार्यविधि २०७६ बमोजिम पदपूर्ती गर्ने ।

**निर्णय नं ६ :**

यस गाउँपालिका अन्तर्गत संचालित विकास निर्माणका कार्यहरु र कोरोना भाईरसबाट बच्न रोकथाम तथा नियन्त्रणको लागि गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालय मार्फत भएका प्रयासहरु लगायत समसामयिक विषयमा छलफल गरियो ।